# संघीय संसद
# प्रतिनिधि सभा

चौथो अधिवेशन

बैठक संख्या - ५९

## दैनिक कार्यसूची

२०७६ भदौ २९ गते

आइतबार

दिनको १:०० बजे

### प्रश्नोत्तर

१. यसैसाथ संलग्न सूचीमा रहेको सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी मौखिक प्रश्नहरु सोधिने र तिनको उत्तर दिइने ।

### सन्देश टेबुल

२. प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले निम्नलिखित विधेयकका सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुहुने ।

(क) "वातावरण संरक्षण विधेयक, २०७५"

(ख) "वन विधेयक, २०७५"

### प्रतिवेदन पेश

३. उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री विमलप्रसाद श्रीवास्तवले "उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन, २०७६" पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

४. मा० गृह मन्त्री श्री रामबहादुर थापाले :-

(क) "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "प्रहरी समायोजन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव